## प्रश्न नं. ७४

### त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एल.एल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

### (कक्षा रोल्नं. ८९०६ देखि ९०२७ सम्मका विद्यार्थीहरुका लागी मात्र)

सोम बहादुर जिमीको जाहेरीले नेपाल सरकार
विरुद्ध
संखुवासभा जिल्ला, धर्मदेवी न.पा. वडा नं.२ बस्ने वर्ष ३६ को श्याम कुमार जिमी समेत ।

**मुद्दा :** ज्यान सम्वन्धी कसूर

(१) मिति २०७५।८।१ गते अन्दाजी साझ १७:३० वजेको समयमा जिल्ला संखुवासभा, धर्मदेवी न.पा. वडा नं. २ स्थित पूर्वमा याम बहुर जिमीको दुई तले जस्ताको छाना भएको घर, पश्चिममा हस्त बहादुर नेपालीको ३ तले फुसको छानो भएको घर उत्तरमा ज्ञान बहादुर जिमी ३ तले घर र दक्षिणमा खरले छाएको २ तले खरले छाएको भिम बहादुर जिमीको घर यति चार किल्ला भित्र मृतक कविन जिमीलाई कुटपिट गरी सक्त घाईते बनाई विराटनगरको न्युरो अस्पतालमा उपचारर्थको लागि लगिएको भन्ने घट्नास्थल मुचुल्का ।

(२) मिति २०७५।८।१ गते जिल्ला संखुवासभा, धर्मदेवी न.पा. वडा नं. २ स्थित गगन बहादुर जिमीको छोरीको विवाहको निम्तो मान्न गई घर फर्किने क्रममा ऐ.ऐ. वस्ने श्याम कुमार जिमी-१, भुवन प्रसाद जिमी-१, भोज राज जिमी-१ र गजेन्द्र जिमी समेत जना ४ ले बाटो ढुकी धारिलो हतियार र घातक लट्ठी ढुंगा प्रहार गरी चार जना समुहले एक जना निरीह निर्धो व्यक्तिलाई नियन्त्रणमा लिई सामुहिक रुपमा ज्यान मार्ने उद्धेश्य लिई छोरी चेलीको विषयमा पूर्व रिसिवी साधन गर्न सांघातिक रुपमा ज्यादति पूर्ण तरिकाले आक्रमण प्रहार गरी समयमानै माथि उल्लेखित मिति र समयमा मृतक कविन जिमीलाई मरणाशन्न पारी कुटपीट गरी सक्त घाईते बनाई निज मृतकलाई बचाउने प्रयास गर्दा गर्दै पनि उपचारको क्रममा न्युरो अस्पताल विराटनगरको आई सि.यु. मा राखी सोही मिति देखि उपचार गराई रहेकोमा सोही कुटपिट प्रहारका चोट पिरवाट मिति २०७५।८।४ गते अं. १३:०० वजेको समयमा अस्पतालमै मृत्यु भैसकेको हुँदा निज अपराधीहरुलाई पक्राउ गरी कानून बमोजिम कर्तव्य ज्यान तर्फवाट हदैसम्मको कारवाही गरी पाउँ भन्न व्यहोराको सोम बहादुर जिमीले श्री इलाका प्रहरी कार्यालय, चैनपुरमा चढाएको किटानी जाहेरी दरखास्त ।

(३) मिति २०७५।८।१ गते गगन बहादुर जिमीको छारीको विवाह भएकोले निम्तो मान्न भनि गएका थियो । ऐ. बेलुका १९:०० वजेको समयमा घर फर्किने क्रममा पारश जिमी लगायतका मानिसहरु एक्कासी बाटोमा निउ खोजि साथबाट खुकुरी छुरी झिकी हामीहरुसँग आई लाग्दा हामी दुवै पक्षले जे पायो त्यहीले हानाहान गर्दा भोजराज जिमीले कहाँवाट दाउराको चिरपट उठाई मृतक कविन जिमीको टाउको पिछाडीवाट हान्दा म समेत भई लातो मुक्का प्रहार गर्दा निज घाईतेलाई छाडी घर तर्फ गएको हुँ मिति २०७५।८।४ गते निजको उपचारकै क्रममा विराट नगरको न्युरो अस्पतालमा मृत्यु भएको भन्ने थाहा पाए । सो घट्नामा मेरो पनि संलग्नता भई निजको मृत्यु भएको हो भन्ने व्यहोराको निज प्रतिवादी भुवन बहादुर जिमीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

(४) मिति २०७५।८।१ गते गगन बहादुर जिमीको छारीको विवाहमा म पनि निम्तो मान्न गएको थिए । विहे घरमै पारश जिमी र गजेन्द्र जिमीको सामान्य बादविवाद भई आ-आफ्नो घर जाने क्रममा म समेतलाई एक्कासि बाटोमा मृतक कविन जिमी समेतले हामीसँग निउ खोजी निजहरुको साथवाट खुकुरी छुरी बोकी हामीहरुसँग आई लाग्दा हामी दुवै पक्ष कुटाकुट गर्दा भोजराज जिमीले बोकेको दाउराको चिरपट उठाई मृतक कविन जिमीको टाउको पिछाडी हान्दा म समेतले ढुंगा प्रहार गरी घाईते बनाई सो ठाउँवाट भागी जाँदा मिति २०७५।८।४ गते निज कविन जिमीको विराटनगर स्थित न्युरो अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको हो । सो घट्नामा म समेत संलग्न भई उक्त घट्ना घटाएको हुँ भन्ने व्यहोराको प्रतिवादी श्याम कुमार जिमीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

(५) मिति २०७५।८।१ गते जिल्ला संखुवासभा, धर्मदेवी न.पा. वडा नं. २ स्थित पूवमा याम बहुर जिमीको दुई तले जस्ताको छाना भएको घर, पश्चिममा हस्त बहादुर नेपालीको ३ तले फुसको छानो भएको घर उत्तरमा ज्ञान बहादुर जिमी ३ तले घर र दक्षिणमा खरले छाएको २ तले खरले छाएको भिम बहादुर जिमीको घर यति चार किल्ला भित्र प्रतिवादी श्याम कुमार जिमी र प्रतिवादी भुवन बहादुर जिमीले जिल्ला सरकारी वकील कार्यालय चैनपुर, संखुवासभामा वयान गरे अनुसार प्रहरी आई हामी सामु चिलाउनेको दाउराको चिरपट थान १ बरामत गरेको भन्ने व्यहोराको धर्मदेवी न.पा. वडा नं. २ वस्ने वर्ष ४८ को जयन्ती वि.क.-१, वर्ष ५२ को पूर्ण माया जिमी र वर्ष २९ को देवराज जिमीले गरि दिएको कागज ।

## प्रश्न नं. ७४

(६) जाहेरीमा उल्लेखित श्याम कुमार जिमी-१, भुवन प्रसाद जिमी-१, भोज राज जिमी-१ र गजेन्द्र जिमी संयुक्त भई जोखिम हतियार दाउराको चिरपट हातमा बोकी गई ति मध्येका भोजराज जिमीले मृतक कविन जिमीलाई टाउको पिछाडी प्रहार गरी भूईमा लडाई चारै जना भई कुटपिट गरी मरणाशन्न अवस्थामा पारी रगतपच्छे बनाएकाले म समेत भई एम्वुलेन्स बोलाई चढाई विराटनगर स्थित न्यूरो अस्पताल लगेकोमा उपचारकै क्रममा निजको मिति २०७५।८।४ गते दिनको १३:०० वजेको समयमा अस्पतालमा नै मृत्यु भएको । निज गजेन्द्र जिमी र भोज राज जिमी हालसम्म फरार रहेको हुँदा निजहरुलाई पक्राउ गरी हदैसम्मको सजाय दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको उद्धिमान जिमी, पारश जिमीले गरी दिएको कागज ।

(७) मिति २०७५।८।१ गते अं. रातको १९:०० वजेको समयमा श्याम कुमार जिमी, भुवन प्रसाद जिमी, भोज राज जिमी र गजेन्द्र जिमीले कुटपिट गरी सक्त घाईते बनाई उपचारको क्रममा मृत्यु भएका कविन जिमीको दाहिने आँखामा पुरै कालो निलडाम, दाहिने कान मुनि चार इन्चको निलडाम रहेको भन्ने लाश जाँच मुचुल्का ।

(८) कविन जिमीलाई कुटपिट गर्दा टाउकोमा चोट लागेको कारण मृत्यु भएको हो भन्ने शव परीक्षण रिपोर्ट ।

(९) मिति २०७५।८।१ गते छिमेकी गगन बहादुर जिमीको छोरीको विवाह भएकाले निम्तो मान्न भनि १७:०० वजे तिर गएको थिए यस्तैमा जाहेरी प्रकरण नं. ३ मा नाम थर वतन भएका गजेन्द्र जिमी समेतका र जाहेरी प्रकरण नं. ६ मा नाम थर भएका साक्षीहरु पनि थिए । यतिकैमा गजेन्द्र जिमी र पारश जिमी पहिलेको कुरा निकाली वाद विवाद गरी ओटेम्म टोल जाने बाटोमा कुटाकुट गर्दा भोजराज जिमीले कविन जिमीलाई पिछाडी टाउकोमा दाउराको चिरपट उठाई हान्दा भुईमा ढलेको र चारै जना भई कुटपिट गरी मरणाशन्न अवस्थामा पारेकाले निजलाई उपचारको लागी विराटनगर स्थित न्युरो अस्पताल लगेकोमा उपचारकै क्रममा निजको मृत्यु भएको भन्ने थाहा पाएको हो । जाहेरीमा उल्लेखित मानिसहरु श्याम कुमार जिमी, भुवन प्रसाद जिमी, भोज राज जिमी र गजेन्द्र जिमीहरुको हातबाटै मृतकको मृत्यु भएको कुरामा पुर्ण विश्वास लाग्छ भनि सहिछाप गर्ने खेम बहादुर जिमी, मिलन जिमी, लखुमान जिमी, दिपेन्द्र जिमी र लहरु माया जिमी समेतका मानिसहरुले गरि दिएको वस्तुस्थिती मुचुल्का ।

(१०) प्रतिवादीहरुले मृतक कविन जिमीलाई विहे घरमा भएको विवाद पूर्व रिसईवी साँध्न बाटोमा ढुकी चिरपट दाउरा ढुंगा मुडाले सामुहिक साँघातिक आक्रमण गरि मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) विपरित कसूर अपराध गरेको पुष्टि हुँदा निज प्रतिवादीहरु श्यामकुमार जिमी, भुवन प्रसाद जिमी, भोज राज जिमी र गजेन्द्र जिमीलाई सोही संहिताको दफा १७७(२) अनुसार जन्म कैदको सजाय हुन यसै अभियोग साथ पक्राउ प्रतिवादीहरु श्याम कुमार जिमी र भुवन प्रसाद जिमीलाई प्रस्तुत गरिएको छ । साथै हालसम्म फरार रहेका प्रतिवादीहरु भोज राज जिमी र गजेन्द्र जिमीको हकमा सम्मानित अदालतबाटै सामाह्वान जारी गरि प्रस्तुत मुद्दाको शुरु कारवाही किनारा गरी पाउँ भन्ने व्यहोराको अभियोग पत्र ।

(११)प्रतिवादीहरु मध्येका भुवन बहादुर जिमी र श्याम कुमार जिमीले अदालत समक्ष गरेको ईन्कारी वयान ।

(१२) २०७५।१०।१५ मा फरार प्रतिवादी गजेन्द्र जिमीलाई पक्राउ गरी अदालतमा प्रस्तुत गरिएको ।

(१३)वारदात भएको दिन मेरा वडाबाबुको छोरीको विवाह भएकोले निम्तो मान्न मामा कमल बहादुर, म र गाउँका भोज राज, श्याम कुमार, भुवन बहादुर जिमी समेत गई निम्तो मानी घरतर्फ फर्कन लाग्दा तिमीहरुको भाषा के हो भन्दै पारश, दिपेन्द्र र मृतक कविन जिमी सो स्थानमा आई पारशले श्याम कुमारलाई कुटपीट गरे, श्यामकुमारले पनि हात फर्कायो । त्यस पछि श्याम कुमार जिमी, पारश जिमी, भुवन बहादुर जिमी, दिपेन्द्र जिमी, भोजराज जिमी समेत कुटाकुट गर्न थाले । सोही अवस्थामा दिपेन्द्र जिमीले खुकरी झिके पश्चात कमल जिमी, नाम थाहा नभएको एक जना दिदी र म समेतले उक्त खुकुरी खोसी दिदीलाई दिएको र सवैलाई छुटाई घर तर्फ जाने क्रममा भोजराज जिमीले मृतक कविन जिमीको पछाडी टाउकोमा चिरपट दाउरा प्रहार गरेका हुन । सो चोट उपचार गराउने क्रममा मृतकको मृत्यु भएको हो । मैले कुटपीट गरेको होईन, छुट्याएको मात्र हो भन्ने समेत व्यहोराको प्रतिवादी गजेन्द्र जिमीले अदालतमा गरेको वयान ।

(१४)अदालतको आदेशानुसार मुद्दा पुर्पक्षको लागी थुनामा रहेको भुवन बहादुर जिमीको मिति २०७५।११।१७ मा मृत्यु भएको भन्ने कारागार कार्यालय, खाँदवारीको च.नं. १६१, मिति २०७५।११।२५ को जानकारी पत्र ।

(१५)अदालतको आदेशानुसार जाहेरवाला सोमबहादुर जिमी, वस्तुस्थिती मुचुल्कामा सहि गर्ने व्यक्तिहरु एवं प्रतिवादी श्यामकुमार जिमीका साक्षी रमेश जिमी, गजेन्द्र जिमीका साक्षी धन बहादुर जिमी समेतले प्रतिवादी मध्येका गजेन्द्र जिमीको बहिनी पारश जिमीले विवाह गरेको विषयमा भनाभन भएकोमा कविन जिमीले झगडा नगर भनी छुट्याउन जाँदा प्रतिवादी भोजराज जिमीले मृतकलाई चिलाउनेको चिरपटले पछाडीवाट हानी ढलाएको र सोही चोट पिरको कारण मृतकको मृत्यु भएको हो, अन्य प्रतिवादीहरुको कुनै संलग्नता नरहेको हुँदा निजहरु निर्दोष छन् भन्ने समेत व्यहोराको श्री संखुवासभा जिल्ला अदालतमा गरेको बकपत्र ।

(१६) संखुवासभा जिल्ला अदालतको फैसला ।

(१७) श्री उच्च अदालत विराटनगरको धनकुटा ईजलास समक्ष चढाएको पुनरावेदन पत्र ।